सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, डोटी
सिलगढी, नेपाल

प.स.०८१/८२
च.नं.:

# कृषि विकास कार्यक्रम संचालनका लागी प्रस्ताव पेश गर्ने सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मितिः२०८१-०९-११)

यस कार्यालयको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपंसिलमा उल्लेखित कृषि विकास तर्फका विभिन्न कार्यक्रम संचालन गर्नु पर्ने भएकाले सम्बन्धित क्षेत्रका ईच्छुक कृषक समुह/सहकारी संस्था/व्यवसायीक फर्म/कम्पनी/उद्यमीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०९/२५ गते भित्र कार्यालय समयमा) भित्र तोकिएको ढाँचामा आवेदकहरुले कृषि ज्ञान केन्द्र डोटीको कार्यालयमा आवेदन पेश गर्ने गरि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

(गंगा दत्त अवस्थी)
कार्यालय प्रमुख

तपशिल

| सि.न. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | मापदण्ड तथा संचालन हुने कार्यक्रमहरु |
|---|---|---|---|
| १ | चैते धान क्षेत्र विस्तार कार्यक्रम | जिल्ला भरि | कम्तिमा २ **रोपनीमा** चैते धान खेति गर्नु पर्ने र सिचाईको व्यवस्था भएको हुनु पर्ने वा हुन सक्ने , चैते धान खेति गर्न सकिने स्थान हुनु पर्ने |
| २ | फलफूल बगैचा सुदृधिकरण कार्यक्रम | जिल्ला भरि | सुन्तलाजात फलफुलको हकमा कम्तिमा १०० बोटको बगैंचा हुनु पर्ने सुन्तलाजात फलफुल बगैचामा काटछाट, बोर्डोपेस्ट, बोर्डेक्स मिक्सर, सुक्ष्म तत्व हाल्न स्थलगत रुपमा सिकाइने र ओखरमा Top Working को लागि एक स्थानमा कम्तिमा १० बटा हाडे ओखरको बोटमा टप वर्किंग गरिने |

आवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरुः

- रु. १० को हुलाक टिकट सहित कार्यालयले माग गरेको निर्दिष्ठ ढाँचा अनुसारको आवेदन फारम
- आधिकारिक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- कृषि फर्म/कृषक समूह / कृषि सहकारी/ कृषि कम्पनीको दर्ता तथा नविकरण गरेको प्रामाणपत्रको प्रतिलिपी
- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि निर्णयको प्रतिलिपी

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, डोटी
सिलगढी, नेपाल

प.स.०८१/८२
च.नं.:

- स्थाई लेखा नम्बर दर्ता प्रमाणपत्र (पान न-PAN No) को प्रतिलिपी
- कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीको हकमा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
- सहकारीको हकमा लेखा परिक्षणको प्रतिवेदनको प्रतिलिपि
- कार्यक्रम सचालन गरिने स्थलको आधिकारिकता खुल्ने जग्गाको लालपुर्जा वा जग्गाको भएको प्रमाणको प्रतिलिपि

आवेदन पेश गर्दा अनुदानग्राहीले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन (पहिलो संशोधन) नियमावली, २०८० को परिच्छेद-नियम को उपनियम ४ बमोजिम १ लाख सम्म अनुदान माग गरेका कार्यक्रमका लागि निशुल्क र रु. १ लाख देखी रु. ५ लाख सम्म अनुदान माग गर्ने आवेदकले रु. ३०० र रु. ५ लाख भन्दा माथी अनुदान माग गर्ने आवेदकले रु. १००० फिर्ता नहुने गरी आवेदन दस्तुर वैकंमा दस्तुर बुझाएको बैंक भौचर (कार्यालय कोड नः ३१२०१७१०२७ शिर्षक नः १४२२९ कार्यालयः कृषि ज्ञान केन्द्र डोटी, बैंकः राष्ट्रिय वाणिज्य बैंक) वा नगद बुझाएको रसिद पेश गर्नु पर्नेछ । जम्मा गरेको सक्कलै भौचर वा नगदी रसिद आवेदन साथ पेश गर्नु पर्नेछ।

थप जानकारीका लागि यस कार्यलयको सम्पर्क नं. ०९४४११२६, र मोबाइल नं. ९८५८४८४१२६ वा ९८५८४९११२६ वा ९८४८७५१७४२ मा सम्पर्क गर्न सकिनेछ ।

**नोटः हाल सम्म कृषि ज्ञान केन्द्र डोटी वा कुनै पनि सरकारी तथा गैर सरकारी संघ संस्था बाट अनुदान प्राप्त नगरेको लाभग्राही लाइ प्राथमिकता दिईनेछ ।**

...दत्त अवस्थी
का.कार्यालय प्रमुख